टेलिफोन नं.०११-६६१४५५
फ्याक्स नं. ०११-६६२०७८

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे

प.सं. :०१।३।१।१।२०७४।७५ कर्मचारी प्रशासन शाखा च.नं. :- २२६

मिति : २०७४।०८।१०

विषय :- सिनियर नापी तालीम दिने सम्वन्धमा ।

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाण्डौं ।
श्री नापी विभाग, मिनभवन, काठमाण्डौं ।
श्री भू-सूचना तथा अभिलेख विभाग, ववरमहल, काठमाण्डौं ।
श्री सडक विभाग, बवरमहल, काठमाण्डौं ।
श्री खानी तथा भू-गर्भ विभाग, लैनचौर, काठमाण्डौं ।
श्री भवन विभाग, बवरमहल, काठमाण्डौं ।
श्री सिचाई विभाग, जाउलाखेल, ललितपुर ।

उपर्युक्त विषयमा यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको चालु आ.व. २०७४७।७५ को कार्यक्रम वमोजिम २४ जना विभागीय प्रशिक्षार्थीहरुलाई १ वर्ष अवधिको सिनियर नापी तालीम संचालन गर्ने लक्ष्य भएकोले तहाँ अन्तरगतको अदालत/महाशाखा/कार्यालयहरुमा कार्यरत देहाय वमोजिम योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुलाई सिफारिस सहित दरखास्त फाराम पठाई दिनु हुन यस केन्द्रको मिति २०७४।०८।१० को निर्णयानुसार अनुरोध छ । साथै प्रवेश परीक्षाको पाठ्यक्रम तथा दरखास्त फाराम १/१ प्रति यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

**१) छनौट गरिने प्रशिक्षार्थी संख्या**

| | |
|---|---|
| (क) भूमि व्यवस्थमपा प्रशिक्षण केन्द | - १ जना |
| (ख) खुला | - १७ जना |
| (ग) महिला | - २ जना |
| (घ) आदिवाशी जनजाती | - २ जना |
| (ङ) मधेशी | - १ जना |
| (च) दलित | - १ जना |

**<u>२) आवश्यक योग्यता</u>**

क) सर्भे डिप्लोमा वा सो सरह उतिर्ण वा प्रमाणपत्र तह वा सो सरह उतिर्ण भै जुनियर नापी तालिम गरेका नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे सहूहका रा.प.अं. प. श्रेणीको पदमा दरखास्त दिने अन्तिम मिति सम्म कम्तिमा ५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारी हुनुपर्ने ।

(ख) स्नातक तह वा सो सरह उतिर्ण भै जुनियर नापी तालिम लिईसकेका नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूहका रा.प.अनं. प्र. श्रेणीको पदमा दरखास्त दिने अन्तिम मितिसम्म ३ वर्ष स्थायी सेवा अवधि पुगेको कर्मचारी हुनुपर्ने ।

(ग) भूगोल विषयमा स्नातकोत्तर वा विएस्सी फिजिकल समूह वा भूगोल विषयमा ३ वर्षे स्नातक तह उतिर्ण गरी जुनियर नापी तालिम प्राप्त ३ वर्ष सेवा अवधि पुगेका कर्मचारी हुनु पर्ने ।

(घ) विभागीय प्रमुखको सिफारिस

(ङ) केन्द्रवाट आन्तरीक प्रतिस्पर्धामा छनौट गर्नुपर्ने कर्मचारीको हकमा प्रमाणपत्र वा स्नातक तह उतिर्ण गरी जुनियर नापी तालिम लिएको र वरिष्ठ प्रशिक्षक, प्रशिक्षक वा स.प्र. पदमा लगातार २ वर्ष सेवा गरी कूल ३ वर्ष सेवा अवधि पुगेको ।

(च) समावेशी तर्फ मधेसी, दलित र पिछडिएको क्षेत्रको कोटावाट आवेदन दिने आवेदकले निवेदन साथ सो को प्रमाण समेत पेश गर्नु पर्नेछ ।

३) केन्द्रमा निवेदन आइपुग्नु पर्ने अन्तिम मिति २०७४ पौष ७ गते
४) परीक्षाको किसिम : लिखितमात्र
५) लिखित परीक्षा मिति : २०७४।९।१४ गते दिनको ११:०० वजे
६) नतिजा प्रकाश मितिः २०७४।९।१४ गते
७) सिनियर नापी तालिम शुरु हुने मिति : २०७४।९।२१

(डा.प्रदीप सापकोटा उपाध्याय)
प्रशिक्षक

<u>वोधार्थ</u> :-
श्री भूमि सुधार तथा व्यवस्था मन्त्रालय,
सिंहदरवार काठमाण्डौ. ।

"निजामती कर्मचारीको प्रतिबद्धताः पारदर्शिता र चुस्तता"